नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# कृषि सूचना तथा प्रशिक्षण केन्द्र
हरिहरभवन, ललितपुर

पत्र सख्या : ०७९/८०
च.न. ३०३

मितिः२०८०।०१।२४

श्री नगरपालिका/गाँउपालिका सबै

विषय : कृषकहरुको जिज्ञासा र बीजद्धारा दिइने सुझाव उपयोग गर्न लगाउने बारे ।

उपरोक्त विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि सूचना तथा प्रशिक्षण केन्द्र, किसान कल सेन्टर हरिहरभवन, ललितपुरले कार्यालय खुलेको दिनको ११:०० बजे देखि ४:०० बजे (शुक्रबार ३:०० बजे सम्म) देहायका विषयहरुमा कृषकहरुको जिज्ञासा र समस्याहरुलाई कृषि तथा पशुपन्छी बीजद्धारा निःशुल्क सल्लाह र सुझाव दिने कार्यक्रम आ.ब.२०७२/२०७३ देखि सञ्चालन भैरहेको व्यहोरा अनुरोध गरिन्छ । यसै सन्दर्भमा तहाँ पालिका अन्तरगतका आम कृषकहरु समेत यस कल सेन्टरबाट प्राप्त हुने कृषि तथा पशुपन्छी सम्बन्धी कुनै जिज्ञासा र समस्याहरुको सल्लाह र सुझाव प्राप्त हुने सेवाबाट लाभान्वित हुन सक्ने भएकोले नेपाल टेलिकमको टेलिफोन र मोबाइलबाट फोन गर्दा पैसा नलाग्ने टोल फ्रि नं १६६००१९५००० मा सम्पर्क गर्न र गर्न लगाउनु हुन पालिकाको तर्फबाट प्रचार प्रसार गरिदिनको लागि अनुरोध छ ।

<u>कृषकहरुको जिज्ञासा र समस्याहरु सोधपुछ गर्ने विषय र दिन</u>

| दिन | विषय |
|---|---|
| आइतवार देखि शुक्रवारसम्म | अन्नबाली, दलहन, तेलहन, नगदेबाली, बागवानीजन्य बालीहरु, बाली संरक्षण सम्बन्धी, मौरी, च्याउ, रेशमखेती, माटो, विमा... आदि |
| आइतवार, मंगलवार र विहिवार | पशुपन्छी सम्बन्धी |
| मत्स्यपालन सम्बन्धी | सोमबार र शुक्रबार |

(इश्वरी प्रसाद पाण्डे)
इश्वरी प्रसाद
प्रमुख